बैठक नं. १

आ.व. २०८२/०८३

आज मिति २०८२/४/६ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिल:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता वि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | पुष्पा कुमारी रिजाल | ब.म.वि.अधिकृत | |
| ३ | सुमनराज रेग्मी | ब.लेखा अधिकृत | |
| ४ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ५ | माधव प्रसाद देवकोटा | ईन्जिनियर | |
| ६ | विवेक पोखरेल | ईन्जिनियर | |
| ७ | विकास नरसिंह राणा | स. प्रशासकीय अधिकृत | |
| ८ | विनय वस्ती | स. प्रशासकीय अधिकृत | |
| ९ | अक्षय बाग्ले | कृषि प्रसार अधिकृत | |
| १० | नरेश गुरुङ | सूचना प्रविधि अधिकृत | |
| ११ | प्रेम बहादुर सारु | बरिष्ठ प्रशासन सहायक | |
| १२ | जयसोर भुसाल | सि. अ. हे.ब. ड्रा. | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |

पहिलो कार्यपालिका बैठक

आ.व.२०८२/०८३

मिति:२०८२/४/६

समय: दिउसो २:०० बजे

स्थान: नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।

२. जग्गा प्राप्ति सम्बन्धमा ।

३. विविध।

क. स्वीकृत दरबन्दीमा रिक्त रहेका पदहरु माग सम्बन्धमा।

ख. सेवा करार कर्मचारीको म्याद थप सम्बन्धमा।

ग. समिति गठन सम्बन्धमा।

घ. दररेट सम्बन्धमा।

ङ. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा।

च. धान रोप्ने मेसिन हस्तान्तरण सम्बन्धमा।

छ. शिक्षातर्फको विनियोजित बजेटबाट तलब भत्ता रकम सम्बन्धमा।

ज. पुस्तकालय व्यवस्थापन सम्बन्धमा।

झ. नारायणी हाइटको जग्गा भाडा/ लिज सम्बन्धमा।

ञ. सिफारिस सम्बन्धमा।

निर्णय:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समिक्षा गरियो।

२. यस नगरपालिका अन्तर्गत निर्माण सम्पन्न भएको वडा नं ८ को वडा कार्यालय भवन, वडा नं ११ को आधारभुत स्वास्थ्य केन्द्र भवनका लागि सोही स्थानमा बसोबास गर्ने देहायका जग्गाधनीहरुले आ-आफ्नो नाममा दर्ता स्रेस्ता कायम रहेको देहायका निजि जग्गा आफ्नो राजी खुशीले निःशुल्क जग्गा उपलब्ध गराएको र उक्त जग्गा वडा कार्यालय र आधारभुत स्वास्थ्य केन्द्र भवनको लागि उच्चतम रुपमा प्रयोगमा आउन सक्ने, कार्यालय संचालनको लागि आवस्यक भौतिक पूर्वाधार सडक, बत्ती, पानी, पार्किङ्ग, सुरक्षा, संचार, बैंक आदिको सुगमता भएको, वडा

कार्यालयको लागि नेपाल सरकारले तोकेको केन्द्र भन्दा फरक स्थानमा नरहेको, सेवा प्रवाहको दृष्टिकोणले पायक पर्ने स्थानमा रहेको र जोखिमयुक्त, विवादित वा खिचलो परिरहेको, तत्काल रजिस्ट्रेशन र नामसारी नहुने किसिमको र प्रयोगमा ल्याउन नसकिने वा प्रयोगमा ल्याउन कठिन हुने प्रकृतिको नभएकोले तपशिलका जग्गा ग्रहण गर्ने र दाखिल खारेजको लागि आवस्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने। साथै यस नगरपालिकाको वडा नं ८ को वडा कार्यालय भवन निर्माणको लागि जग्गादाताबाट नि:शुल्क ०-०-१६(सोह्र धुर) क्षेत्रफल भएको जग्गा प्राप्त भएको र सो उपलब्ध भएको जग्गा वडा कार्यालयको अन्य पूर्वाधार निर्माणको लागि अपर्याप्त भएको र अन्य नि:शुल्क जग्गा प्राप्त हुन नसकेकोले, वडा कार्यालयको अन्य पुर्वाधार निर्माण प्रयोजनको लागि आवश्यक पर्ने अधिकतम ०-१-१०(एक कठ्ठा दश धुर) क्षेत्रफल भएको जग्गा नगर सभाको सत्रौं अधिवेशनबाट जग्गा खरिदको लागि विनियोजन गरिएको शीर्षकबाट स्वीकृत बजेटको परिधिभित्र रही जग्गा प्राप्ति (खरिद) को लागि सार्वजनिक सूचना प्रकाशन गरी खरिद प्रक्रिया अगाडि बढाउने ।

| क.स. | जग्गाधनीको नामथर | जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | सरकारी प्रयोजनमा जाने क्षेत्रफल | तर्फ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ईश्वरी देबी भण्डारी (ना.प्रा.नं. २५६९) | मध्यबिन्दु -८ साबिक तम्सरिया ६/ख | ८७८ | ०-२-५ | ०-०-१६ | दक्षिण पूर्व | वडा नं ८ को वडा कार्यालय भवन |
| २. | बिक्रम बहादुर सोती मगर (ना.प्र.नं.१४२८९) | मध्यबिन्दु - ११ साबिक नयाँबेलहानी ६/क | ३८९ | ०-७-७ | ०-१-२ | दक्षिण पश्चिम | आधारभुत स्वा.सेवा केन्द्र भवन निर्माण |

३. विविध प्रस्तावबहरुमाथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

क. नेपाल सरकारबाट स्वीकृत दरवन्दी भित्र रिक्त रहेका पदहरु मध्ये सरुवा सहमति दिइएका पदहरु बाहेकका पदमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने।

ख. यस नगरपालिकाको कार्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा विगत देखि करारमा कार्यरत कर्मचारीहरुलाई कार्यबोझको आधारमा निरन्तरता दिँदै छ महिना करार म्याद थप गर्ने। साथै आ. व. २०८२।०८३ मा समेत आवश्यकता र औचित्यलाई विश्लेषण गरी करारमा जनशक्ती व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने।

ग. विधायन समितिसँगको सहकार्यमा नगरपालिकामा आवश्यक पर्ने कानुनको ड्राफ्ट तयार गरी सम्पादन गर्ने र राजपत्रमा प्रकाशन गर्नका लागि देहायको समिति गठन गर्ने।

संयोजकः श्री पदमराज आचार्य शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख

सदस्यः श्री सुमनराज रेग्मी आर्थिक प्रशासन शाखा प्रमुख

सदस्यः श्री भोलानाथ शर्मा पौडेल प्रशासन शाखा प्रमुख

सदस्यः श्री सम्बन्धित शाखा प्रमुख

सदस्य सचिवः प्रेम वहादुर सारु राजश्व शाखा प्रमुख

घ. आ.व. २०८२/०८३ का लागि नगर दररेट निर्धारण समितिबाट सिफारिस भई आएको नगरपालिकाको दररेट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्वीकृत गर्ने।

ङ. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरी पठाएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ उपर छलफल गरी सोही कार्यविधि बमोजिम नगरपालिकाको कार्यसम्पादन मूल्याङ्कन गर्ने।

च. नगरपालिकाबाट बोलपत्र आह्वान गरी खरिद गरिएको धान रोप्ने मेसिन प्रकृति कृषि सहकारी संस्था मध्यविन्दु -१ लाई हस्तान्तरण गर्न अनुमति दिने निर्णय गरियो।

छ. चालु आ.व. २०८२।०८३ को लागि शिक्षातर्फको विनियोजित बजेटबाट शिक्षक, संघीय सरकारको स्रोतका बालविकास सहजकर्ता र विद्यालय कर्मचारीका लागि नगरतर्फबाट थप तलव व्यवस्थापनका सम्बन्धमा देहायअनुसार गर्ने।

१. प्रारम्भिक बालविकास सहजकर्ताहरूका लागि नगरतर्फबाट मासिक रू ८,०००।-

२. विद्यालय सहायक कर्मचारीहरूका लागि नगरतर्फबाट मासिक रू ५,०००।-

३. विद्यालय सहयोगी कर्मचारीहरूका लागि नगरतर्फबाट मासिक रू ७,०००।-

४. सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरूलाई संघीय अनुदानसहित मासिक रू १८,०००।– प्रदान गरिदै आएकोमा सोही अनुसार नगरतर्फको बजेटबाट तलव भत्ता भुक्तानी गर्ने ।

५. माध्यमिक सट्टा शिक्षकहरूलाई संघीय सरकारले निर्धारण गरे बमोजिम तलव र महंगी भत्ता लगायतका सुविधा प्रदान गरिदै आएकोमा चालु आ.व. २०८२।०८३ मा महंगी भत्ता वृद्दि भई मासिक रू ५ हजार पुगेकोमा सोही बृद्दि अनुसारको तलव भत्ता प्रदान गर्ने ।

छ. १४ नं. वडा निःशुल्क शिक्षा कार्यक्रमका लागि विनियोजन भएको शिर्षकबाट गत आ.व. २०८१।०८२ मा कार्यरत स्वयम् सेवक शिक्षक (७ जना) लाई निरन्तरता गर्ने गरी मासिक रू १२ हजारका दरले १२ महिनाको रकम प्रदान गर्ने ।

ज. मध्यविन्दु ७ मा निर्माण गरिएको पुस्तकालय व्यवस्थापनका लागि स्वःस्फुर्त रुपमा पुस्तक लगायत अन्य सहयोग उपलब्ध गराउन चाहने व्यक्ति, फर्म, संस्था एवम् पब्लिकेशनहरुलाई आह्वान गर्ने। साथै सहयोग गर्ने व्यक्ति, फर्म, संस्था एवम् पब्लिकेशनलाई सम्मान तथा धन्यवाद दिने।

झ. मध्यविन्दु ३ ब्रम्हस्थान नजिक रहेको नारायणी हाइटको जग्गा भाडा सम्बन्धमा गत बिगतमा भएको सम्झौतालाई पुनर्विचार गर्ने।

ञ. स्वास्थ्य बिमा बोर्डमा यस नगरको नगर अस्पताललाई चोरमारा प्राथमिक स्वास्थ्य केन्द्र भनी उल्लेख भएको हुदाँ चोरमारा प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी मध्यविन्दु नगर अस्पतालको रुपमा विकास गर्नका लागि बिमा संयोजन समिति गण्डकी प्रदेशमा सिफारिस गर्ने।

ट. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवास गर्ने व्यक्तिहरुको जग्गा व्यवस्थापनका लागि सहजीकरण गर्न थप १ जना जनशक्ति व्यवस्थापन गर्ने।